नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राष्ट्रिय अनुसन्धान विभाग

## लोकसेवा आयोगबाट सञ्चालन हुने
## सहायक सूचक पदको लिखित परीक्षा कार्यक्रम सम्बन्धी सूचना
(सूचना प्रकाशित मिति २०७७।०९।०२)

राष्ट्रिय अनुसन्धान विभाग र अन्तर्गतका कार्यालयमा रिक्त रहेको सहायक सूचक (राजपत्र अनंकित चतुर्थ श्रेणी सरह) पद २३२(दुई सय बत्तीस)मा खुल्ला तथा समावेशी प्रतियोगितात्मक परीक्षा प्रणालीद्वारा पदपूर्तिको लागि यस विभागबाट **मिति २०७६।०९।१८** गते प्रकाशित विज्ञापन अनुसार तोकिएको लिखित परीक्षा कोभिड-१९ संक्रमणको कारण स्थगित भएकोमा उक्त पदको लिखित परीक्षा कार्यक्रम तपशिल बमोजिम निर्धारण गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएका छ । साथै परीक्षा कार्यक्रम सम्बन्धी जानकारी लोक सेवा आयोगको website www.psc.gov.np मा समेत उपलब्ध छ ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/ उप समूह/तह | लिखित परीक्षा कार्यक्रम र समय | | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | | |
| १ | १/०७६/०७७ | खुला तथा समावेशी | सहायक सूचक (रा.प.अनं. चतुर्थ श्रेणी सरह) | २०७७ माघ १० गते विहानको ११:०० बजे (१ घण्टा) | २०७७ माघ १० गते दिनको ०१:०० बजे (२ घण्टा ३० मिनेट) | ३९३६० | परीक्षा सञ्चालन लोक सेवा आयोगको कार्यालयले तोके बमोजिम हुनेछ । |

## लिखित परीक्षा सञ्चालन गर्ने लोक सेवा आयोगका कार्यालयहरु

| क्र.सं. | परीक्षा सञ्चालन गर्ने कार्यालय | रोल नम्बर | |
|---|---|---|---|
| | | देखि | सम्म |
| १ | धनकुटा कार्यालय | १०००१ | १३५६० |
| २ | जलेश्वर कार्यालय | २०००१ | २६९०१ |
| ३ | हेटौडा कार्यालय | ३०००१ | ३४३१३ |
| ४ | काठमाण्डौ कार्यालय | ८०००१ | ९०९२४ |
| ५ | पोखरा कार्यालय | ४०००१ | ४१३७९ |
| ६ | बुटवल कार्यालय | ५०००१ | ५४५६१ |
| ७ | सुर्खेत कार्यालय | ६०००१ | ६४९४६ |
| ८ | दिपायल कार्यालय | ७०००१ | ७२८३६ |

**द्रष्टव्य :**

१. उम्मेदवारले उत्तरपुस्तिकामा कालो मसी भएको कलम/डटपेन मात्र प्रयोग गर्नुपर्दछ ।

२. प्रवेशपत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराईने हुंदा अनिवार्य रुपमा प्रवेशपत्र साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तिमा १ घण्टा अगावै परीक्षा भवनमा आईपुग्नुपर्नेछ ।

३. परीक्षा भवनमा झोला,मोवाईल फोन तथा अन्य इलोक्ट्रोनिक्स डिभाइसहरु लैजान निषेध गरिएको छ ।

४. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन ।

५. बस्तुगत वहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।

६. परीक्षामा राष्ट्रिय अनुसन्धान विभागबाट जारी भएको प्रवेशपत्रसँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।

७. आयोगबाट जारी भएको संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड २०७७ को पालना गरी परीक्षा सञ्चालन गरिनेछ ।

**कोभिड-१९ संक्रमणको समयमा सुरक्षित रहन परीक्षार्थीले ध्यान दिनुपर्ने थप विषयहरु**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवारले माक्स लगाई आफ्नो प्रयोजनको लागि **स्यानिटाइजर र खानेपानी** समेत लिई आउनुपर्नेछ ।

२. परीक्षार्थी परीक्षाको लागि तोकिएको समयभन्दा **एक घण्टा अगावै** परीक्षा केन्द्रमा आइपुग्नु पर्नेछ ।

३. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, वाहिर निस्कँदा र शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन **२(दुई) मिटरको दुरी** कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ ।

४. परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।

५. परीक्षार्थीले उत्तरपुस्तिकामा लेखिसके पश्चात बांकी रहेको उत्तरपुस्तिकाको **खाली स्थान स्वयंले काटी** बुझाउनु पर्नेछ ।

६. परीक्षार्थीले उत्तरपुस्तिका बुझाउँदा आफ्नो उत्तरपुस्तिका गन्ती गरी **उत्तरपुस्तिका बुझाएको हस्ताक्षर** गरी बाहिर जानुपर्नेछ ।

७. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।